# अखिल नेपाल खेलकुद महासंघ
# All Nepal Sports Federation
केन्द्रीय कार्यालय, कोटेश्वर, काठमाण्डौ

(स्था २०६९)


प..

च.नं. मिति :- २०८२/०१/०१

## प्रेस विज्ञप्ती

आदरणीय खेलकुदप्रेमी जनसमुदाय,

अखिल नेपाल खेलकुद महासंघ स्थापनाकाल देखिनै खेल क्षेत्रको विकृति विसंगती विरुद्ध संघर्ष गर्दै खेलाडी र खेलकुदकर्मीको आत्मसम्मानका लागि सारथी बनि सतिसाल झैं उभिरहेको अवगत नै छ । विगत केही समय देखी नेपाली खेलकुद क्षेत्रमा नयाँ नयाँ तरङ्गहरु उत्पन्न भैरहेको सर्वविदितै छ । मुख्यतय काँग्रेस र एमालेको नयाँ गठबन्धन सरकार गठन भए संगै राज्यका प्राय संरचनाहरुमा सरकारले अनावश्यक हस्तक्षेप गरी राज्यका महत्वपूर्ण संरचनाहरु नै ठप्प भएर बस्नु पर्ने स्थिती श्रृजना भएको छ । सरकारको गलत कदमका कारण कतै कर्मचारीहरुले ६ महिना सम्म तलब नपाउने स्थिती श्रृजना भएको छ भने कतै राष्ट्र सेवक कर्मचारीहरु लामो समय देखी अधिकार प्राप्तीको आन्दोलनमा सडकमै बास बस्न बाध्य भएका छन् । यसै सिलसिलामा युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत खेलकुदको कार्यकारी निकाय राष्ट्रीय खेलकुद परिषदले २०७९ सालमै नवौ राष्ट्रीय खेलकुद समापनकै दौरान समय तय गरी निवर्तमान सरकारबाट आवश्यक बजेट समेत सुनिश्चित भएको वृहत दशौ राष्ट्रीय खेलकुद प्रतियोगिता नगर्ने उदेश्यले वारम्बार मिति सार्दै काल्पनिक बाहानावाजी गर्दै नाटकीय रूपमा दशौं राष्ट्रीय खेलकुद प्रतियोगीताको नाममा विनियोजित बजेट अन्यत्र लैजाने मनसायले प्रतियोगिता स्थगन गरेको छ । राज्यले खेलकुदको नाममा कुलवजेटको ०.१२ प्रतिशत मात्र खेलकुदलाई विनियोजन गर्ने विडम्बना त हाम्रो सामु छदैछ त्यही माथी पनि खेलकुदको नाममा छुट्टीएको वजेटमा समेत सरकारले गिद्धे नजर लगाई दशौं राष्ट्रीय खेलकुद प्रतियोगिता सरकारकै निर्देशनमा राष्ट्रिय खेलकुद परिषदका उपाध्यक्षले कपोकल्पित एवं मनोगत प्रतिवेदन तयार गरी स्थगन गर्ने निर्णय गर्नु अत्यन्तै दुखद र खेदजनक छ ।

अतः आम खेल प्रेमी जनसमुदायबाट यस्तो किसीमको प्रवृत्ति को घोर भर्त्सना हुनजरुरी छ । युवा तथा खेलकुद मन्त्रालयमा हालको मन्त्री नियुक्त भएदेखिनै उनका दैनिक काम भनेकै खेलकुदका महत्वपूर्ण संरचनाहरु ध्वस्त गर्नमै वितेको दिनको घाम जस्तै छर्लङ्ग देखिन्छ । निति निर्माणमा लाग्नु को साटो परिषदका वोर्ड सदस्यहरुलाई गैरकानुनी ढंगवाट वर्खास्त गर्ने, सम्मानित अदालतको आदेशलाई समेत वेवास्ता गरी नियम कानुनलाई चुनौती दिदै उपस्थित बैठकमा समेत हस्ताक्षर गर्न नदिने जस्ता घृणीत र अपरिपक्क निर्णय खेदजनक छन् । वृहत दशौं राष्ट्रीय खेलकुद तोकीएको समयमा हुनुपर्ने भनि बहुमत सदस्यले राखेको मतलाई समेत वेवास्ता गर्दै अलोकतान्त्रिक ढंगवाट उक्त मतलाई कुल्चदै हिड्नुले सरकार निरंकुश बनिरहेको स्पष्ट हुन्छ । करोडौं रकम खर्च गरी प्रदेशहरुले छनौट प्रतियोगीता सम्पन्न गरिसकेको र वन्द प्रशिक्षणमा समेत राखिएका खेलाडीहरु दशौ राष्ट्रीय प्रतियोगिता को व्यग्र प्रतीक्षामा रहेको अवस्थामा सरकारले कथीत वाहानावाजी गरी प्रतियोगिता अनिश्चित कालको लागी अप्रत्यासित ढंगबाट स्थगित गर्नु लाई हजारौ खेलाडीको खेलजिवन माथीको जघन्य अपराध हो भन्न कुनै दुविधा हुन्न । मन्त्री मन्त्रालयमा आए संगै नेपाल ओलम्पीक कमीटीको अध्यक्ष बन्नका लागि मन्त्रीले नेतृत्व गरेको राष्ट्रीय खेलकुद परिषदबाट निरन्तर गैरकानुनी ढंगले ओलम्पिक कमिटी माथी हस्तक्षेप गराउनु र दशौ प्रतियोगिता स्थगित गरी वेमौसमको बाजा बजाएजस्तो गरी ओलम्पिक कमिटीमा बहुमत पुऱ्याउने उद्देश्यले विभिन्न ७ खेल संघ विघटन गरी खेलकुद ऐन विपरीत नयाँ तदर्थ समिति बनाउने नाटक मञ्चन गर्नुले मन्त्रीको थप कालोकर्तुत छरपस्ट देखिएको छ ।

नेपाली खेलकुद क्षेत्रमा देखिएको यो डरलाग्दो र भयावह अवस्थाको सामना गर्दै एकताबद्ध हुन हाम्रो खेलकुद महासंघ सम्पूर्ण खेलप्रेमी जनसमुदाय, खेलाडी, प्रशिक्षक र खेल संघहरु संग जोडदार अपिल गर्दछ । साथै यो गैर कानुनी प्रकृया वाट अगाडी बढिरहेको खेलकुद मन्त्रीको अध्यक्षतामा रहेको राष्ट्रीय खेलकुद परिषदलाई सही दिशामा हिड्न आग्रह गर्दछ । खेलाडीहरुको हितविपरीत र गैरकानुनी तवरले अगाडी बढ्ने कुचेष्टा गरेमा हाम्रो महासंघ गलत निर्णयको प्रतिवादमा निर्मम कदम चाल्न वाध्य हुने ब्यहोरा समेत सुचित गरिन्छ ।

---------------
महासचिव
अन्जन धमला

---------------
अध्यक्ष
शिव कोईराला 'ज्वाला'